


# तपाईंको बच्चाहरूका स्कूलको लागि निर्देशिका



# आमाबुबा हातेपुस्तक




*द्वारा विकसित*
Adult Learning Resource Center
Des Plaines, IL

*द्वारा सहयोग गरिएको*
Illinois Department of Human Services

*र*

Illinois State Board of Education


सेप्टेम्बर **2012**

# तपाईंको बच्चाहरूको स्कूलहरूको लागि निर्देशिका

# आमाबुबा हातेपुस्तक

*द्वारा विकसित*
Adult Learning Resource Center
Des Plaines, IL

*द्वारा सहयोग गरिएको*
Illinois Department of Human Services

*र*
Illinois State Board of Education

# कृतज्ञता

*तपाईंको बच्चाहरूको स्कूलहरूको लागि निर्देशिका: आमाबुबा हातेपुस्तक* सन् 2002 मा इलिनियस राज्यमा विभिन्न एजेन्सीहरू बिचको सहकार्यको उत्पादनको रूपमा विकसित भएको हो। यो हातेपुस्तकको तयारी र वितरणको लागि निम्न मानिसहरू जिम्वेवार छन्:

| | |
|---|---|
| Dr. Edwin Silverman | Illinois Department of Human Services/Bureau of Refugee and Immigrant Services |
| Beth Robinson | Illinois State Board of Education |
| Sue Barauski | संचालक, Adult Learning Resource Center |
| Laura Bercovitz | मैनेजर, Adult Learning Resource Center |
| Greg Krisco | शैक्षिक कंसलटैंट, Adult Learning Resource Center |
| Catherine Porter | शैक्षिक कंसलटैंट, Adult Learning Resource Center |

Bounlieng Phommasouvanh, Mary P. Diaz, Diane Pecoraro, र Joyce M. Biagini द्वारा लेखिएको *LEP विद्यार्थीहरूको आमाबुबाहरूको लागि मिनेसोटा स्कूलहरूको लागि निर्देशिका*बाट सामग्री लिन देखाएको अनुमति उदारताप्रति Diane Pecoraro र Minnesota Department of Education लाई विशेष धन्यवाद छ।

Tatyana Fertelmeyster, Trudi Langendorf र Joy Rossलाई तिनीहरूको हातेपुस्तकको समीक्षा गरिसकेपछिको सहयोगी अन्तदृष्ट्री र सिफारिशहरूको लागि धन्यवाद छ।

शैक्षिक साझेदारीको रूपमा आमाबुबाहरू*बाट पनि सामग्री लिइएको छ: Laura Bercovitz र Catherine Porter, © Adult Learning Resource Centerद्वारा लेखिएको भाषा अल्पसँख्यक आमाबुबाहरूको लागि स्कूल-सम्बन्धित पाठ्यक्रम।*

तपाईंको बच्चाहरूको स्कूलको लागि निर्देशिका*को सन् 2012 को संस्करण: आमाबुबा हातेपुस्तकले* शैक्षिक नीतिहरू र कार्यविधिहरूमा भएको परिवर्तनहरू देखाउन Illinois State Board of Education द्वारा गरिएको सुधारलाई संयोजित गर्छ।

# यो हातेपुस्तकको बारेमा

प्रिय आमाबुबा वा अभिभावक:

स्वागत छ। यो हातेपुस्तकले तपाईंलाई संयुक्त राज्य अमेरिका र इलिनाइजमा स्कूल प्रणालीको बारेमा महत्वपूर्ण जानकारी दिनेछ। यदि तपाईं र तपाईंको परिवार यो देश वा राज्यमा नयाँ हुनुहुन्छ भने, तपाईंसँग सम्भवत स्कूलहरूको बारेमा प्रश्नहरू हुन सक्छ। यो हातेपुस्तकमा भएको जानकारी सामान्य जानकारी हो। तपाईंले आफ्नो बच्चाहरूको स्कूलहरूको बारेमा थप जानकारीको लागि आफ्नो स्थानीय स्कूलमा फोन गर्नुपर्ने हुन सक्छ।

आमाबुबाहरू र स्कूलहरू बच्चाहरूको शिक्षामा साझेदारहरू हुन्। दुवैले बच्चाको सफलता चाहन्छन्। जब आमाबुबाहरू र परिवारहरू शिक्षामा सहभागी हुन्छन, तिनीहरूको बच्चाहरूले स्कूलमा राम्रो गर्छन र थप सफल भएर अघि बढ्छन्। यु.एस.को स्कूल प्रणालीले कसरी काम गर्छ भन्ने कुरा बुझ्नाले, तपाईंले आफ्नो बच्चाहरूलाई सफल बनाउन र तिनीहरूले सक्ने जति राम्रो गर्न सहयोग गर्नसक्नुहुन्छ।

# विषयवस्तुहरूको सूची

*प्रश्नहरू र उत्तरहरू*


**I. संयुक्त राज्य अमेरिकाको स्कूल प्रणाली ____ 1**

1. *मेरो शहरमा स्कूलहरू कसरी व्यवस्थित हुन्छन्?* ........ 1
2. *संयुक्त राज्य अमेरिकामा कस्तो प्रकारको स्कूलहरू छन्?* ........ 2
3. *के त्यहाँ उच्च स्कूल पूरा नगरेका विद्‌यार्थीहरूको लागि स्कूलहरू छन् त?..* 3

**II. स्कूलमा भर्ना ____ 4**

1. *मैले कसरी आफ्नो बच्चालाई स्कूलमा भर्ना गर्न सक्छु? मलाई कस्तो कागजहरू आवश्यक पर्छ?* ........ 4
2. *मेरो बच्चाहरूले स्कूल सुरू गर्नुअघि उनिहरूलाई कस्तो चिकित्सा फारामहरू र परिक्षणहरू आवश्यक पर्छ?* ........ 4
3. *के हुन्छ यदि मेरो बच्चाहरूले यी खोपहरू हाम्रो गृहदेश वा अर्को राज्यमा लगाइसकेका छन् भने?* ........ 5
4. *के मेरो बच्चाहरूले भर्ना हुनुअघि दन्त चिकित्सक कहाँ देखाउनु आवश्यक छ?* ........ 5
5. *मेरो बच्चाहरूले अरू कुन कुन परिक्षणहरू गर्नु आवश्यक छ?* ........ 5
6. *हामी शारीरिक परिक्षणको लागि कहाँ जान सक्छौं?* ........ 6

**III. स्कूल पात्रो र स्कूल दिन ____ 7**

1. *प्रत्येक दिन मेरो बच्चाहरू स्कूलमा कति समयसम्म रहन्छन्?* ........ 7
2. *बच्चाहरू स्कूलमा नहुँदा के त्यहाँ विदा वा विशेष दिन हुन्छ?* ........ 7

**IV. स्कूलमा जान** 9

1. *प्रत्येक दिन मेरो बच्चाहरू कसरी स्कूल जान र फर्किन सक्छन्?* .............. 9

**V. स्कूल कार्यपद्धतिहरू** 10

1. *मेरो बच्चा बिरामी भयो भने मैले के गर्नुपर्छ?* .............................................. 10
2. *यदि मेरो बच्चाहरूले स्कूलमा औषधी खानुपऱ्यो भने के गर्नुपर्छ?* ............... 11
3. *यदि मेरो बच्चाको स्वास्थ्यको बारेमा केही प्रश्नहरू भएमा मैले कसलाई भन्नुपर्छ?* .................................................................................. 11
3. *यदि मरो बच्चाहरू स्कूलमा बिरामी भएमा वा दुर्घटनामा परेमा स्कूलले मलाई कसरी सम्पर्क गर्न सक्छ?* ................................................................ 11
5. *यदि मेरो बच्चा स्कूलमा ढिलो वा अनुपस्थित भयो भने, मैले के गर्नुपर्छ?*... 12
6. *के मैले मेरो बच्चाको स्कूल भ्रमण गर्न सक्छु?* ........................................... 13
7. *के मैले स्कूलमा अरू कुनै कुराको लागि भुक्तान गर्नुपर्छ?* .......................... 13
8. *यदि मसँग स्कूल कार्यपद्धतिको बारेमा कुनै प्रश्न भयो भने मैले कसलाई सोध्न सक्छु?* .................................................................................. 14

**VI. स्कूलहरूमा काम गर्ने मानिसहरू** 15

1. *त्यो मानिसहरू को हुन् जसले स्कूल जिल्ला कार्यालयहरू र स्कूलहरूमा काम गर्छन्?* .................................................................................. 15
2. *मेरो बच्चाको बारेमा स्कूलमा मैले कोसँग कुरा गर्न सक्छु?* 17

**VII. निर्देशनात्मक कार्यक्रमहरू** 18


1. *यदि मेरो बच्चाले राम्ररी अंग्रेजी बोल्दैन भने, सहयोगको लागि स्कूलले के गर्न सक्छ?* .................................................................................. 18

2. प्राथमिक स्कूलमा मेरो बच्चाहरूले कुन कुन विषयहरू पढ्छन्?.................. 18
3. मेरो बच्चाहरूले मिडिल स्कूल वा जुनियर हाई स्कुलमा कुन कुन बिषयहरू पढ्छन्? .......................................................................................... 19
4. उच्च स्कूलमा मेरो बच्चाहरूले कुन कुन विषयहरू पढ्छन्?......................... 19
5. यदि मेरो बच्चासँग सिकाई समस्या छ वा उसलाई विशेष आवश्यकताको खाँचो छ भने, स्कूलले सहयोगको लागि के गर्न सक्छ? .............................. 20
6. यदि मेरो बच्चासँग विशेष प्रतिभा वा क्षमता छ भने के त्यहाँ विशेष कार्यक्रमहरू हुन्छन्? ........................................................................... 20

**VIII. बच्चाहरूको शिक्षा र सिकाईमा आमाबुबाको भूमिका** 21
1. मैले मेरो बच्चाहरूको स्कूलको बारेमा कसरी जान्न सक्छु? के मेरो बच्चा एउटा राम्रो विद्यार्थी हो त?........................................................................ 21
2. मेरो बच्चाले स्कूलमा कस्तो गरिरहेको छ भन्ने कुरा मैले कसरी थाहा पाउन सक्छु? ...................................................................................... 22
3. मैले स्कूलहरूको बारेमा निर्णय लिन कसरी सहयोग गर्न सक्छु?................. 23
4. मेरो बच्चाहरूको स्कूलमा कस्तो किसिमको विशेष गतिविधिमा म उपस्थित हुन सक्छु?........................................................................................ 24
5. मेले मेरो बच्चाहरूको स्कूलमा स्वयंसेवक गर्न के तरिकाहरू छन्? ............. 25
6. घरमा मेरो बच्चाहरूको सिकाईलाई सहयोग गर्न मैले के गर्न सक्छु?........... 25
7. मेरो बच्चाहरूको उच्च स्कूलपछिको जीवनको लागि योजना बनाउन मैले तिनीहरूलाई सहयोग गर्न के गर्न सक्छु? .................................................. 28

**IX. वयस्क शिक्षा** 29
1. मैले अंग्रेजी सिक्न वा अरू कक्षाहरू लिन कहाँ जानसक्छु?......................... 29

# I. संयुक्त राज्य अमेरिकाको स्कूल प्रणाली



इलिनाइजमा, 7-17 वर्ष बिच उमेर भएका सबै बच्चाहरू स्कूलमा जानैपर्छ। स्कूल अगस्टको अन्तिममा वा सेप्टम्बरको सुरूमा आरम्भ हुन्छ र जुनमा सकिन्छ। जुन, जुलाई र अगष्टमा करीब तीन महिनाको गृष्म विदा हुन्छ।

संयुक्त राज्य अमेरिकामा सार्वजनिक स्कूलहरू र निजी स्कूलहरू छन्। सार्वजनिक स्कूलहरू निशुल्क हुन्छन् र निजी स्कूलहरूले ट्युसन भनिनेबाट शुल्क लिन्छन्। सार्वजनिक स्कूलहरूको लागि तिर्न केही रकम तपाईंको समुदायमा सम्पत्ति करहरूबाट आउँछ। यदि तपाईंको घरमा आफ्नो स्वामित्व छ भने, तपाईंको सम्पत्ति करले सार्वजनिक स्कूलहरूको लागि रकम तिर्न सहयोग गर्छ। यदि तपाईंले अपार्टमेन्ट भाडामा लिनुभएको छ भने, भवनको मालिकले सम्पत्ति कर तिर्छ। भवन मालिकले यी करहरू तिर्नको लागि तपाईंको भाडाको केही भाग प्रयोग गर्छन्। सरकारले पनि सार्वजनिक स्कूलहरूको लागि अरू रकमद्वारा तिर्न सहयोग गर्छन्।

**स्कूल जिल्लाहरू र स्कूल समितिहरू**

## 1. मेरो शहरमा स्कूलहरू कसरी संगठित हुन्छन्?

संयुक्त राज्य अमेरिकामा, सार्वजनिक स्कूलहरू जिल्लाहरूमा विभाजन गरिएको छ। केही स्कूल जिल्लाहरूले एउटा मात्रै नगर वा शहर समावेश गर्छन्, तर अरू जिल्लाहरूले एक भन्दा बढी नगर वा शहर समावेश गर्छन।

प्रत्येक स्कूल जिल्लासँग एउटा स्कूल समिति हुन्छ। स्कूल समितिका सदस्यहरू तिनीहरूको स्कूल जिल्लामा बस्छन्। स्कूल समितिले जिल्लामा स्कूलहरूको बारेमा निर्णयहरू लिन्छन्। उदाहरणको लागि, यदि जिल्लालाई नयाँ स्कूलहरू बनाउन आवश्यक भयो भने स्कूल समितिले निर्णय गर्छ। स्कूल समितिले सुपरिवेक्षक पनि छान्छन्। सुपरिवेक्षक स्कूल जिल्लाको संचालक हो।

## 2. संयुक्त राज्य अमेरिकामा कस्ता कस्ता प्रकारका स्कूलहरू छन्?

संयुक्त राज्य अमेरिकामा विभिन्न प्रकारका स्कूलहरू छन्।

**शिशु-स्कूल (3** वा **4 वर्ष):** केही बच्चाहरू शिशु-स्कूलमा जान्छन्। शिशु-स्कूलमा, बच्चाहरू अरू बच्चाहरूसँगै खेल्छन र शिक्षकले भनेको कुरा सुन्न सिक्छन्। शिशु स्कूलमा बच्चाहरूले सीपहरू विकास गर्छन् जसले तिनीहरूलाई जब किन्डर्गाटनमा जान्छन् राम्रो गर्न सहयोग गर्छ। बच्चाहरू प्राय: प्रत्येक हप्ताको 2, 3, वा 5 दिनमा प्रति दिन केही घण्टा उपस्थित हुन्छन्। प्रत्येक स्कूलसँग शिशु-स्कूल हुँदैन। केही शिशु-स्कूलहरू निशुल्क हुन्छन् र अरूले ट्युसन शुल्क लिन्छन्।

**किन्डर्गार्टन (5 वर्ष):** यदि बच्चाहरू सेप्टेम्बरमा वा त्यो भन्दा अघि 5 वर्ष पुग्छन् भने, तिनीहरू किन्डरगार्टन जान सक्छन्। बच्चाहरूलाई किन्डरगार्टन जान आवश्यक छैन, तर धेरै बच्चाहरू जान्छन्। तिनीहरू किन्डरगार्टन सोमबार देखि शुक्रबारसम्म जान्छन्। धेरै किन्डरगार्टन कक्षाहरू आधा-दिन मात्र हुन्छन, र केही पूरा-दिन हुन्छ।

**कक्षाहरू 1-8 (इलेमेन्टरी/मिडल/जुनियर हाई स्कूल):** संयुक्त राज्य अमेरिकामा स्कूल वर्षलाई "कक्षाहरू" भनिन्छ। सोमबार देखि शुक्रबारसम्म बच्चाहरू प्रत्येक दिन 5 ½ - 7 घण्टा उपस्थित हुन्छन्। साना बच्चाहरू प्राय: एउटा कक्षाकोठामा बस्छन् र पूरै स्कूल वर्षको लागि एउटै शिक्षक हुन्छ। ठूला विद्यार्थीहरूसँग प्राय: दिनमा 6 देखि 8 फरक कक्षाहरू हुन्छन्। तिनीहरूलाई फरक कोठाहरूमा परिवर्तन गरिन सकिन्छ र तिनीहरूसँग प्रत्येक विषयको लागि फरक शिक्षक हुन सक्छ। 5 वा 6 देखि 8 कक्षासम्मका विद्यार्थीहरूका लागि बनेको स्कूललाई मिडल स्कूलहरू वा जुनियर हाई स्कूलहरू भनिन्छ।

**कक्षाहरू 9-12 (हाई स्कूल):** बच्चाहरू प्राय: 14 वर्षमा हाई स्कूलमा र 18 वर्षमा स्नातकमा प्रवेश गर्छन्। हाई स्कूलका विद्यार्थीहरूले कक्षाकोठा परिवर्तन गर्छन् र दिनमा फरक शिक्षकहरू हुन्छ। हाई स्कूलले विद्यार्थीहरूलाई जागिरहरूको लागि वा सामुदायिक कलेज वा विश्वविद्यालयमा अध्ययन गर्नको लागि तयार गर्छ।

**स्कूल कार्यक्रमहरू भन्दा अघि र पछि:** स्कूल जानु अघि केही स्कूलहरूसँग शिशु स्याहार कार्यक्रमहरू छन्। यी स्कूलहरूमा, आमाबुबाहरूले तिनीहरूको बच्चाहरूलाई स्कूल सुरू हुनुभन्दा अघि ल्याउन सक्छन्। केही स्कूलहरूसँग बच्चाहरूको लागि स्कूल सकिएपछि कार्यक्रमहरू पनि छन्। यी स्कूलहरूमा, बच्चाहरूले स्कूल-पछिको कार्यक्रममा संगीत, खेलकुद, गृहकार्य सहयोग, वा अन्य गतिविधिहरूमा भाग लिन सक्छन्। केही स्कूलहरूले यी कार्यक्रमहरूको लागि शुल्क लिन सक्छन्।

तपाईंले आफ्नो बच्चाहरूलाई विशेष कार्यक्रमहरूमा भाग लिन पठाउनै पर्छ र तपाईंको बच्चाहरू चाँडै आउनुअघि वा स्कूल सकिए पछि पनि बस्नको लागि तपाईंको लिखित अनुमति दिनुपर्छ।

**गृष्म स्कूल:** धेरै प्राथमिक (इलेमेन्टरी) र हाई स्कूलहरूले गृष्म स्कूलहरू प्रस्ताव गर्छ। गृष्ममा हुने केही कक्षाहरू ती विद्यार्थीहरूका लागि हुन् जसलाई स्कूलमा थप मदत आवश्यक पर्छ। केही कक्षाहरू विशेष गतिविधिहरू वा शीर्षकहरू जस्तै कम्प्युटर कक्षाहरूको लागि हो। गृष्म स्कूहरूको लागि शुल्क लाग्न सक्छ।

**हाई स्कूल पछि:** हाई स्कूलबाट स्नातक गरेका विद्यार्थीहरूले काममा जाने वा सैनिकमा सम्मिलत हुने भनेर छान्न सक्छन्। तिनीहरूले व्यावसायिक स्कूलहरू, सामुदायिक कलेजहरू, वा 4-वर्ष कलेजहरू वा विश्वविद्यालयहरूमा अध्ययनमा निरन्तरता दिनपनि चाहन सक्छन।

संयुक्त राज्य अमेरिकामा धेरै सार्वजनिक र निजी 4-वर्ष कलेजहरू र विश्वविद्यालयहरू छन्। निजी तथा सार्वजनिक विश्वविद्यालय र कलेजहरू धेरै महँगा हुन सक्छन्। विद्यार्थीहरूले छात्रवृत्तिहरूको लागि र तिनीहरूको शिक्षाको लागि रकम तिर्न ऋणको लागि आवेदन दिन सक्छन्न। केही जवान मानिसहरू निशुल्क शिक्षा पाउन सैनिकमा भर्ती हुन्छन्।

सामुदायिक कलेजहरू 2-वर्षे सार्वजनिक स्कूलहरू हुन् जसलाई सम्पत्ति करहरू र सरकारद्वारा कोष दिइएको हुन्छ। तिनीहरू निजी वा सार्वजनिक विश्वविद्यालयहरू भन्दा अलि सस्तो हुन्छ। सामुदायिक कलेजमा 2 वर्ष उपस्थित भैसकेपछि, विद्यार्थीहरूले Associate of Arts डिग्री प्राप्त गर्न सक्छन् वा तिनीहरूको अध्ययन निरन्तरता दिन 4-वर्षे विश्वस्कूलमा स्थानान्तर हुन सक्छन्।

बच्चाहरूले हाई स्कूलबाट स्नातक गर्न कक्षाहरू 1-12 सम्म उपस्थित हुनैपर्छ। हाई स्कूलबाट स्नातक गर्न धेरै नै महत्वपूर्ण छ। धेरै विश्वविद्यालयहरू र रोजगारदाताहरूलाई हाई स्कूल स्नातक आवश्यक पर्छ। तर केही विद्यार्थीहरूले स्नातक गर्नुभन्दा अघि नै हाई स्कूल छोड्छन्। तिनीहरू स्कूल छोड्छन्। यस्ता विद्यार्थीहरुका लागि विभिन्न कार्यक्रमहरू छन्:

## 3. के त्यहाँ हाई स्कूल पूरा नगरेका विद्यार्थीहरूका लागि स्कूलहरू छन्?

**सन्ध्या कक्षाहरू:** छोड्ने विद्यार्थीहरूका लागि केही हाई स्कूलहरूसँग सन्ध्याकालीन कक्षाहरू छन्।

**वैकल्पिक हाई स्कूल:** केही जिल्लाहरूसँग वैकल्पिक हाई स्कूलहरू छन्। यी स्कूलहरू प्राय: विभिन्न भवनहरूमा नियमित हाई स्कूल भन्दा साना हुन्छन्।

**GED कक्षाहरू:** वयस्कहरूलाई सामान्य शैक्षिक विकास (GED) जाँचहरूमा पास गर्न सहयोग गर्न त्यहाँ दिवा र सन्ध्याकालीन कक्षाहरू छन्। वयस्कहरूले GED लाई हाई स्कूल स्नातकको रूपमा प्रयोग गर्न सक्छन्। धेरै विश्वस्कूलहरू र रोजगारदाताहरूले GED लाई स्विकार्छन्। सार्वजनिक पुस्तकालयहरूको स्थानीय शाखाहरूसँग प्राय: GED कक्षाहरूको बारेमा जानकारी हुन्छ।

# II. स्कूलमा भर्ना




## 1. मैले कसरी आफ्नो बच्चालाई स्कूलमा भर्ना गर्न सक्छु? मलाई कागजातहरू आवश्यक पर्छ?

**भर्नाको लागि तपाईंलाई आवश्यक पर्न सक्ने कागजातहरू:**

- यदि उपलब्ध छ भने जन्मदिनको प्रमाणीकरण (बच्चाको जन्म प्रमाणपत्र)
- सामाजिक सुरक्षा नम्बर, यदि उपलब्ध छ भने मात्रै (वैकल्पिक)
- स्वास्थ्य कागजातहरू: स्कूलसँग तपाईंले भर्नुपर्ने र पुन: स्कूलमा ल्याउन आवश्यक चिकित्सा र दन्त चिकित्सा फारामहरू छन्।
- ठेगानाको प्रमाणीकरण: (उदाहरणको लागि, उपयोगिता रसिद, अपार्टमेन्ट लिज, धितो खाता वा घरमालिकको प्रमाणीकरण, तिरिएको चेक वा तिरिएको स्टब, मेल ठेगाना, सवारी शीर्षक वा दर्ता कार्ड, वैध इलिनाइज चालकको इजाजतपत्र, वा प्रमाणित गरिएको आवास शपथपत्र (शपथबद्ध कथन)
- पहिलेको स्कूल(हरू)को ट्रान्सक्रिप्ट यदि उपलब्ध छ भने। उदाहरणको लागि, आमाबुबाहरूसँग अरू यु.एस.स्कूलहरू वा तिनीहरूको स्थानीय देशहरूमा भएको स्कूलहरूबाट स्कूल रेकर्ड हुन सक्छ।

भर्ना गर्न ल्याउनु पर्ने कागजातहरूको सूचीको लागि स्कूललाई भन्नुहोस्।

स्कूलले तपाईंलाई आफ्नो बच्चाको र परिवारको बारेमा जानकारी सहितको फाराम पूरा गर्न भन्नेछ। सबै नयाँ विद्‌यार्थीहरूको लागि गृह भाषा खोज पूरा भयो। गृह भाषा खोजले तपाईंको घरमा कसैले अर्को भाषा बोल्छ कि वा तपाईंको बच्चाले अर्को भाषा बोल्छ कि भनेर सोध्छ। स्कूलले बच्चाहरूको अंग्रेजी जाँच लिन्छ जो यस्तो घरहरूबाट आउँछन जहाँ अंग्रेजी भन्दा अरू नै भाषा बोलिन्छ। विद्‌यार्थीहरू जो अंग्रेजीमा पोख्त छैनन् तिनीहरूलाई कक्षाहरू जस्तै द्‌विभाषिक शिक्षा वा दोस्रो भाषाको रूपमा अंग्रेजी (ESL) मा राखिन्छ।

## 2. मेरो बच्चाहरूलाई कस्तो चिकित्सा फारामहरू र परिक्षणहरू आवश्यक छ तिनीहरूले स्कूल सुरू गर्नुअघि?

जब बच्चाहरू पहिलो पटक स्कूलमा प्रवेश गर्छन्, तिनीहरूको शारीरिक परिक्षण हुनैपर्छ। डाक्टरले चिकित्सा फाराम भर्नेछ। चिकित्सा फारामले खोप रेकर्डहरू समावेश गर्नेछ। बच्चाहरूले परिक्षण गराउनै पर्छ जब तिनीहरू किन्डरगार्टन, 1 औं कक्षा, 6 औं र 9 औं कक्षामा प्रवेश गर्छन्। यदि बच्चाहरूसँग पूरा गरेको आवश्यक चिकित्सा फारामहरू छैन भने, जब स्कूल सुरू हुन्छ तिनीहरूलाई कक्षामा उपस्थित हुन अनुमति दिइने छैन।

**प्रतिरक्षकहरू:** सबै विद्‌यार्थीहरूसँग तलका रोगहरूका लागि प्रतिरक्षकहरू (खोपहरू) हुनैपर्छ:

- Diphtheria-pertussis-tetanus (DPT)
- पोलियो
- दादुरा
- रूबेला (जर्मनी दादुरा)
- गलकण्ठ
- हेपाटाइसिस बी (शिशु स्कूल वा 5 औं वा सो भन्दा माथिको कक्षामा प्रवेश गरेका बच्चाहरूका लागि)
- हेमोफिलस ईन्फ्लुएन्जा टाइप बी (शिशु स्कूल प्रवेश गरेका बच्चाहरूका लागि))
- भेरिसेला (ठेउला) (शिशु स्कूलदेखि 10 औं कक्षासम्म प्रवेश गरेका बच्चाहरूका लागि)
- Tdap को प्रमाण(DPT वर्धक) (6 औं र 9 औं कक्षामा प्रवेश गर्ने बच्चाहरूका लागि)

## 3. के हुन्छ यदि मेरो बच्चाहरूले यी खोपहरू हाम्रो गृहदेशमा वा अर्को राज्यमा लगाइसकेका छन् भने?

यदि अर्को देश वा राज्यमा बच्चाले यी खोपहरू मध्ये केही लगाइसकेका छन् भने, आमाबुबाहरूले बच्चाको शारीरिक परिक्षणको समयमा डाक्टरलाई चिकित्सा रेकर्ड देखाउनु पर्छ। यदि त्यहाँ खोपको कुनै चिकित्सा रेकर्ड छैन भने, बच्चाले पुन: खोपको सुई लिनुपर्छ।

## 4. के मेरो बच्चाले भर्ना हुनुअघि दन्त चिकित्सक कहाँ देखाउनु आवश्यक छ?

बच्चाहरूले किन्डरगार्टन सुरू गर्नु अघि, 2 औं र 6 औं कक्षाहरूमा दाँत परिक्षण गराउनु आवश्यक छ। दन्त चिकित्सकले स्कूलको लागि दन्त परिक्षण फाराम पूरा गर्नैपर्छ।

## 5. मेरो बच्चाहरूले अरू कन कन परिक्षणहरू गर्न आवश्यक छ?


पहिलो पटक किन्डरगार्टनमा प्रवेश गर्ने वा इलिनाइज स्कूलहरूमा भर्ना हुने बच्चाहरूलाई आँखा परिक्षण गराउनु आवश्यक छ। शिशु स्कूल प्रवेश गर्ने बच्चाहरूलाई आँखा जाँच गर्नु आवश्यक छैन। चिकित्सा डाक्टर जसले आँखाको हेरविचार गर्छ वा ओप्टोमेट्रिस्टको इजाजतपत्र प्राप्त छ उसले परिक्षण गर्नैपर्छ।

धेरैजसो इलेमेन्टरी स्कूलहरूमा, बच्चाहरूले दृष्ट्री (आँखा), सुनाई (कान), र ढाँडको समस्याहरूको लागि जाँच गराइन्छ। चस्मा लगाउने बच्चाहरूले दृष्ट्रि जाँच प्राप्त गर्दैनन्। यदि बच्चाको दृष्ट्रि, सुनाई, वा ढाँड जाँच गर्दा समस्या देखियो भने, स्कूलले बच्चाहरूको आमाबुबाहरूलाई चिठी पठाउँछ। यदि तपाईंले स्कूलबाट चिठी प्राप्त गर्नुहुन्छ भने, तपाईंले त्यसपछि आफ्नो बच्चालाई सम्पूर्ण परिक्षणको लागि डाक्टर वा क्लिनिकमा लग्नुपर्छ।

## 6. हामी शारीरिक परिक्षणको लागि कहाँ जान सक्छौं?

बच्चाहरूले डाक्टरको कार्यालय वा क्लिनिकमा शारीरिक परिक्षणहरू र खोपहरू पाउन सक्छन्। सबै स्कूलहरूसँग नि: शुल्क वा कम-लागतको परिक्षणहरू र खोपहरूको बारेमा जानकारी छ।

# III. स्कूल पात्रो र स्कूल दिन




## 1. प्रत्येक दिन मेरो बच्चाहरू स्कूलमा कति समयसम्म रहन्छन्?

धेरै स्कूलहरू अगष्टको अन्तिम तिर वा सेप्टेम्बरको सुरूमा सञ्चालन हुन्छन् र जुनको पहिलो वा दोस्रो हप्तामा सकिन्छन्।। केही स्कूलहरू वर्ष भरि नै खुलिरहन्छ। स्कूल दिन सामान्य रूपले करीब 5 1/2 - 7 घण्टा लामो समयसम्म हुन्छ। विद्यार्थीहरूले सामान्यत: स्कूलमा खाजा खान्छन्। केही बच्चाहरूले स्कूलमा खाजा ल्याउछन्। केही स्कूलहरूमा, बच्चाहरूले स्कूलमा नै खाजा किन्न सक्छन्।

## 2. बच्चाहरू स्कूलमा नहुँदा के विदा वा विशेष दिन हुन्छ?

धेरै स्कूलहरूमा डिसेम्बरको अन्तिमदेखि जनवरीको पहिलो हप्तासम्म दुई-हप्ता जाडो विदा हुन्छ। बसन्तमा पनि तिनीहरूलाई एक-हप्ता विदा हुन्छ। स्कूल बन्द हुने केही राष्ट्रिय विदाहरू हुन्:

- Labor Day: सेप्टेम्बरमा पहिलो सोमबार
- Thanksgiving: नोभेम्बरमा 4औं विहिबार
- New Year's Day: 1औं जनवरी
- Martin Luther King Day: जनवरीमा 3औं सोमबार
- Presidents' Day: फेब्रुअरीमा 3औं सोमबार
- Memorial Day: मेमा 4औं सोमबार


स्कूलहरू अरू दिनमा पनि बन्द गरिन्छ। स्कूलहरूले तिनीहरूको आफ्नो केही विदा आफै निर्धारण गर्छन्। संस्थागत दिनमा शिक्षकहरूको लागि विशेष बैठक हुन्छन्। कहिलेकाहीं संस्थागत दिनमा स्कूल हुँदैन, र अरू समयमा बच्चाहरू चाँडै नै घर जान्छन्। जब बच्चाहरू चाँडै घर जान्छन्, यसलाई चाँडै रिलिज भनिन्छ। स्कूल पात्रो सूची हुन्छ जब बच्चाहरू संस्थागत दिन, छुट्टी, विदा, वा चाँडै रिलिजको बेलामा घरमा बस्छन्। स्कूल बन्द नभएको बेला यदि तपाईंको बच्चालाई धार्मिक विदाको लागि घर बस्नुपर्‍यो भने, स्कूललाई आफ्नो बच्चाको अनुपस्थितीको बारेमा रिपोर्ट गर्न कल गर्नुहोस्।

**स्कूल बन्द:** कहिलेकाहीं जब मौसम धेरै खराब हुन्छ स्कूल बन्द हुन्छ। उदाहरणको लागि, यदि बाहिर धेरै हिंउ छ वा भुमरी परेको छ भने, स्कूल बन्द हुन सक्छ। तपाईंको बच्चाहरूको स्कूलहरू बन्द छ कि छैन भनेर जान्न बिहानमा तपाईंले रेडियो सुन्न वा टिभि हेर्न सक्नुहुन्छ।

## ✐ सहयोगी सुझाव ✎

**जब तपाईंले आफ्नो बच्चालाई भर्ना गर्नुहुन्छ स्कूल पात्रो माग्नुहोस्।**

# IV. स्कूलमा जान





## 1. प्रत्येक दिन मेरो बच्चाहरू कसरी स्कूल जान र फर्किन सक्छन्?

बच्चाहरू जो स्कूलको नजीक बस्छन् सामान्यत: स्कूलमा हिडेर आउँछन्। बच्चाहरू जो स्कूलदेखि टाढा बस्छन् सामान्यत: स्कूल बस चढ्छन् वा सार्वजनिक यातायातमा जान्छन्। स्कूल बसहरू निशुल्क वा कम खर्चको हुन्छ। यदि तपाईंको बच्चाले स्कूल बस प्रयोग गर्छ भने, तपाईंलाई जान्न आवश्यक छ:

- स्कूल बसको नम्बर
- तपाईंको बच्चाले बस चढ्ने ठाँउ
- तपाईंको बच्चाले बस चढ्ने समय
- तपाईंको बच्चाले बस झर्ने ठाँउ
- तपाईंको बच्चाले बस झर्ने समय

# V. स्कूलको कार्यपद्धतिहरू



## 1. यदि मेरो बच्चाहरू बिरामी भयो भने मैले के गर्नुपर्छ?

यदि बच्चाहरू बिरामी छ भने, तिनीहरू घरमा नै बस्नुपर्छ। कहिलेकाहीं आमाबुबाहरूले बिरामी बच्चालाई स्कूल पठाउँछन् किनभने तिनीहरूलाई काममा जानुपर्छ र बच्चाहरूसँग घरमा बस्न सक्दैनन्। तर बिरामी बच्चाले प्राय: स्कूलका अरू विद्यार्थीहरूलाई पनि बिरामी बनाउँछ। धेरै स्कूलहरूले आमाबुबाहरूले तिनीहरूको बच्चालाई स्कूल नपठाओस् भन्ने चाहन्छन् यदि:

- बच्चालाई 100° F वा सो भन्दा बढी ज्वरो छ
- गएको राति वा बिहान स्कूल आउनु अघि बच्चाले बान्ता गरेको छ
- बच्चाले धेरै खोकिरहेको छ
- बच्चालाई छाला चिलाउने भएको छ वा घाँउ पाकेको छ
- बच्चाको जुम्रा छ (आमाबुबाहरूले बच्चाको कपाल विशेष स्याम्पुले धुनैपर्छ र कपालबाट लिंखा हटाउनुपर्छ। यसपछि, बच्चा फेरि स्कूल जान सक्छ।)
- बच्चालाई ठेउला भएको छ (ठेउला हुन सुरू भएपछि 7 दिनसम्म बच्चा घरमै बस्नुपर्छ।)
- बच्चालाई घाँटीमा समस्या छ (बच्चाले 24 – 48 घण्टाको लागि प्रतिजैविक (antibiotic) खाइसकेपछि फेरि स्कूल जान सक्छ।)
- बच्चालाई लाल ज्वरो छ (बच्चाले 24 – 48 घण्टाको लागि प्रतिजैविक (antibiotic) खाइसकेपछि फेरि स्कूल जान सक्छ।)
- यदि बच्चालाई नेत्र-शोथ छ (प्याजी आँखा)

स्कूलले सामान्यत: आमाबुबाहरूलाई एउटा चिठी पठाउँछ यदि बच्चालाई कक्षाकोठामा सरूवा रोग जस्तै ठेउला, घाँटी स्ट्रेप, लाल ज्वरो, वा जुम्रा छ भने। यो चिठीले तपाईंलाई भन्नेछ छ कि यदि तपाईंको बच्चा बिरामी छ भने तपाईंले जान्नको लागि के गर्ने भनेर।

## 2. यदि मेरो बच्चाहरूले स्कूलमा औषधि खानुपऱ्यो भने के गर्नुपर्छ?

एकदम आवश्यक नभएसम्म आमाबुबाले स्कूलमा बच्चाहरूसँग औषधि पठाउनु हुँदैन। बच्चाहरूलाई स्कूलमा आफै औषधि खान अनुमति छैन। यदि बच्चालाई स्कूलमा औषधि लिन आवश्यक भयो भने, आमाबुबाहरूले स्कूलको परिचारिकालाई नोट लेख्नुपर्छ। बच्चाको औषधि परिचारिकाको कार्यालयमा ल्याउनुपर्छ। केही स्कूलहरूलाई डाक्टरको नोट आवश्यक पर्न सक्छ।

आमाबुबाहरूले औषधि मुल औषधिको शीशीमा पठाउनुपर्छ, झोलामा वा कागजभित्र राखेर होइन। शीशीमा निम्न कुरा भएको हुनुपर्छ:

- बच्चाको नाम
- डाक्टरको नाम
- औषधिको नाम
- कति मात्रामा र कहिले औषधि दिने

बच्चाले औषधि लिन परिचारिकाको कार्यालयमा आउनैपर्छ।

## 3. यदि मेरो बच्चाहरूको स्वास्थ्यको बारेमा केही प्रश्नहरू भएमा मैले कसलाई भन्नुपर्छ?

यदि स्कूलमा तपाईंको बच्चाहरूको स्वास्थ्यको बारेमा केही प्रश्नहरू भएमा, स्कूल परिचारिका वा स्वास्थ्य सहायकलाई बोलाउनुहोस्। यदि तपाईं अनुपस्थितिको लागि रिपोर्ट गर्दै हुनुहुन्छ भने, स्कूल सहायकलाई बोलाउनुहोस्।

## 4. यदि मरो बच्चाहरू स्कूलमा बिरामी भएमा वा दुर्घटनामा परेमा स्कूलले मलाई कसरी सम्पर्क गर्न सक्छ?

यदि तपाईंको बच्चा स्कूलमा बिरामी वा दुर्घटना भयो भने, स्कूलले तपाईंलाई वा आपतकालीन कार्डमा भएको व्यक्तिलाई फोन गर्नेछ।

**आपतकालीन कार्ड जानकारी:** स्कूलले तपाईंलाई यो फाराम दिनेछ जब तपाईंले आफ्नो बच्चालाई स्कूलमा भर्ना गर्नुहुन्छ। आपतकालीन कार्डमा, तपाईंको बच्चा बिरामी वा स्कूलमा दुर्घटना भएमा बोलाउने व्यक्तिको नाम र फोन नम्बर लेख्नुहोस्। प्रत्येक बच्चाको लागि आपतकालीन कार्ड भर्न र यसलाई फेरि स्कूलमा पठाउन धैरै नै महत्वपूर्ण छ।

यो कुरा लेख्न महत्वपूर्ण छ:

- तपाईं दिनमा हुने ठाउँको टेलिफोन नम्बर
- नातेदार वा नजिकको साथीको नाम र टेलिफोन नम्बर
- बच्चाको डाक्टर वा क्लिनिकको नाम र टेलिफोन नम्बर
- तपाईंको बच्चालाई चाहिने कुनै विशेष स्वास्थ्य आवश्यकता

यदि यो जानकारी कुनैपनि समयमा परिवर्तन भयो भने, स्कूलमा सम्पर्क गर्नुहोस् र नयाँ आपतकालीन कार्ड भर्नुहोस्।

**बँसाई सराई:** यदि तपाईं अर्को अपार्टमेन्ट वा घरमा सर्नुहुन्छ भने, तपाईंले स्कूललाई सम्पर्क गर्नुपर्छ र तिनीहरूलाई नयाँ ठेगाना र फोन नम्बर दिनुपर्छ। तपाईंले नयाँ आपतकालीन कार्ड पनि भर्नुपर्छ।

## 5. यदि मेरो बच्चा ढिला भयो वा अनुपस्थित भयो भने, मैले के गर्नुपर्छ?

**स्कूल आउन ढिलो भएमा:** बच्चाहरू स्कूल आउन ढिलो गर्नुहुँदैन। बच्चाहरू स्कूलमा समयमा आउनुपर्छ। यदि बच्चाहरू ढिलो आए भने, शिक्षकले तिनीहरूलाई ढिलो आएको वा ढिलासुस्ती गरेकोमा चिन्ह लगाउनेछ। यदि तपाईंको बच्चा स्कूलमा आउन ढिलो हुनेवाला छ भने, तपाईंले बिहान स्कूलमा फोन गर्नुपर्छ। वा तपाईंले बच्चा स्कूलमा आउँदा एउटा नोट पठाउँन सक्नुहुन्छ।

**स्कूलमा अनुपस्थित भएमा:** जब तपाईंको बच्चा स्कूलमा आउन सक्दैन, स्कूल सुरू हुनुअघि बिहानमा सधै स्कूलमा फोन गर्नुहोस्। केही स्कूलहरूसँग भ्वाइस मेल हुन्छ। आमाबुबाहरूले स्कूलको भ्वाइस मेलमा सन्देश छोड्न सक्छन्।

जब तपाईंले स्कूलमा फोन गर्नुहुन्छ, तपाईंले तलका जानकारी भन्नुपर्छ:

- तपाईंको बच्चाको नाम
- तपाईंको बच्चा पढ्ने कक्षा र शिक्षक
- तपाईंको बच्चा किन अनुपस्थित हुँदैछ
- तपाईंको नाम र फोन नम्बर

कहिलेकाही आमाबुबाहरूले आफ्नो बच्चाहरूलाई स्कूल सकिनु अघि नै स्कूलबाट लग्छन्। दिनमा तिनीहरूलाई आफ्नो बच्चाहरूलाई डाक्टर वा दन्त चिकित्सक कहाँ लैजानु पर्ने हुन सक्छ। यदि तपाईं आफ्नो बच्चाहरूलाई स्कूलबाट बाहिर लैजान चाहनुहुन्छ भने, तपाईंले शिक्षकलाई एउटा नोट लेख्नैपर्छ। तपाईंको बच्चाले त्यो नोट बिहानमा शिक्षकलाई दिनुपर्छ। नोटले निम्न कुराहरू भन्नुपर्छ:

- तपाईंले किन आफ्नो बच्चालाई स्कूलबाट बाहिर लग्दै हुनुहुन्छ
- कुन समयमा तपाईंले आफ्नो बच्चालाई स्कूलबाट बाहिर लग्नुहुनेछ
- तपाईंको बच्चालाई लिन आउने व्यक्तिको नाम यदि उ वा उनी आमाबुबा वा अभिभावक होइन भने

जब तपाईं आफ्नो बच्चालाई लिन जानुहुन्छ, कार्यालयमा जानुहोस् र आफ्नो बच्चालाई लग्नको लागि सोध्नुहोस्। स्कूलले तपाईंलाई कागजातमा हस्ताक्षर गर्न भन्नेछ जसले गर्दा तपाईंको बच्चाले बिदा पाउनेछ।

**पारिवारिक छुट्टीहरू:** आमाबुबाहरूले स्कूलको समयमा तिनीहरूको बच्चालाई छुट्टी मनाउन लैजान हुँदैन। आमाबुबाहरूले बच्चाहरूलाई स्कूलको बिदाको बेला मात्र परिवार छुट्टीमा लैजानु पर्छ। यदि तपाईंले स्कूलको समयमा उनीहरूलाई लैजानै पर्ने भयो भने, तपाईंले लैजानु भन्दा पहिले आफ्नो बच्चाको शिक्षकसँग कुरा गर्नुहोस्।

**कार्य परिपूर्ति गर्ने:** बच्चाहरू जो स्कूलबाट अनुपस्थित भएका छन् तिनीहरूले छुटाएको स्कूल कार्य र गृहकार्य पूरा गर्नैपर्छ। यदि बच्चा स्कूलबाट 2 दिन भन्दा धेरै दिन अनुपस्थित छ भने, धेरै स्कूलहरूले आमाबुबाहरूले स्कूलमा आएर परिपुर्ति कार्य लिन फोन गरोस् भन्ने चाहन्छन्। तपाईं वा तपाईंको बच्चाको साथी परिपुर्ति कार्य लिन बच्चाको कक्षामा जान सक्छ।

## 6. के मैले मेरो बच्चाको स्कूल भ्रमण गर्न सक्छु?

**स्कूल भ्रमण:** आमाबुबाहरूलाई तिनीहरूको स्कूलमा भ्रमण गर्न स्वागत गरिन्छ। जब तपाईं स्कूल भ्रमण गर्नुहुन्छ, तपाईं पहिले आगन्तुकको पासको लागि कार्यालयमा जानुपर्छ। तपाईंले आफ्नो बच्चाको कक्षाकोठाको भ्रमण गर्न सक्नुहुन्छ, तर कक्षा संचालन भैरहेको समयमा शिक्षकसँग कुरा गर्न सक्नुहुन्न।

## 7. के मैले स्कूलमा अरू कुनै कुराको लागि भुक्तान गर्नुपर्छ?

यदि आमाबुबाहरूले शिक्षकसँग कुरा गर्न चाहन्छन् भने, तिनीहरूले पहिले नै भेटसमय लिनुपर्छ।

यहाँ केही स्कूल गतिविधिहरू वा सामग्रीहरूको लागि शुल्कहरू छन्:

**किताब शुल्क:** त्यहाँ पाठ्यपुस्तकको लागि पुस्तक शुल्क तिर्नुपर्छ। यदि परिवारको लागि पुस्तक किन्न धेरै नै महँगो छ भने, आमाबुबाहरूले शुल्क घटाउन वा केही छुट दिनको लागि कुरा गर्न सक्छन्। तपाईंको बच्चाले किताबहरूको राम्रो हेरविचार गर्नैपर्छ। स्कूलको अन्तिम वर्षमा, तपाईंको बच्चाले स्कूललाई केही वा सबै किताबहरू फिर्ता गर्नुपर्नेछ।

**अतिरिक्त गतिविधितहरू:** कहिलेकाही अतिरिक्त गतिविधिहरू जस्तै खेलकुद, संगीत पाठहरू, वा शैक्षिक वा सामाजिक गोष्ठीहरूको लागि शुल्क तिर्नुपर्छ। यी मध्ये धेरै गतिविधिहरू स्कूल अघि वा पछि हुन्छ।

**क्षेत्र यात्रा:** कहिलेकाही विद्यार्थीहरू कार्यक्षेत्रहरूको लागि संग्रहालयहरू, चिडियाखाना, र अरू ठाउँहरूमा जान्छन्। बच्चाहरू कार्यक्षेत्रमा जानु भन्दा पहिले आमाबुबाहरूले अनुमति फाराममा हस्ताक्षर गर्नैपर्छ।

कहिलेकाहीं कार्यक्षेत्र यात्राको लागि सानो शुल्क तिर्नुपर्ने हुन्छ। कहिलेकाहीं कार्यक्षेत्रमा जान र यात्रामा बच्चाहरू हेर्न शिक्षकलाई सहयोग गर्न स्वयंसेवकको रूपमा काम गर्न प्रस्ताव गरिन्छ।

**खाजाहरू:** यदि बच्चाहरूले तिनीहरूको खाजा स्कूलमा ल्याएका छैनन् भने, तिनीहरूले सामान्यत: स्कूलमा खाजा किन्न सक्छन्। खाजाको लागि तिर्न नसक्ने आमाबुबाहरूको लागि धेरै स्कूलहरूसँग निशुल्क वा कम-लागत खाजा कार्यक्रम हुन्छ। आमाबुबाहरूले तिनीहरूको बच्चाहरूले निशुल्क वा कम-लागतको खाजाहरू प्राप्त गर्न आफ्नो परिवारको आयको बारेमा एउटा फाराम भर्नैपर्छ।

## 8. यदि स्कूल कार्यपद्धतिको बारेमा मसँग कुनै प्रश्न भयो भने मैले कसलाई सोध्न सक्छ?

यदि तपाईंसँग स्कूल कार्यपद्धतिको बारेमा प्रश्नहरू छन् भने तपाईंले स्कूल सहायक वा बच्चाको शिक्षकलाई कल गर्न सक्नुहुन्छ।

# VI. मानिसहरू जो स्कूलहरूमा काम गर्छन्



## 1. त्यो मानिसहरू को हुन् जसले स्कूल जिल्ला कार्यालयहरू र स्कूलहरूमा काम गर्छन्?

स्कूल कर्मचारीहरू स्कूलहरूमा काम गर्ने मानिसहरू छन्। त्यहाँ तीन प्रकारको स्कूल कर्मचारी हन्छन्: प्रशासकहरू, शिक्षकहरू, र सहायक कर्मचारी।

***प्रशासकहरू***ले विद्यार्थीहरूलाई पढाउदैनन्। तिनीहरू स्कूलको जिम्मेदारीमा छन्। त्यहाँ विभिन्न प्रकारका प्रशासकहरू हुन्छन्:

- *सुपरीवेक्षक:* सुपरीवेक्षक स्कूल जिल्लाको प्रशासक हो।
- *प्रधानाध्यापक:* जिल्लामा प्रत्येक स्कूलसँग एउटा प्रधानाध्यापक हुन्छ जो स्कूलको प्रशासक हो।
- *सहायक प्रधानाध्यापक:* कहिलेकाहीं स्कूलहरूसँग प्रधानाध्यापकलाई सहयोग गर्न सहायकहरू हुन्छन्।

***शिक्षकहरू***ले स्कूलमा विद्यार्थीहरूलाई पठाउँछन्। त्यहाँ विभिन्न प्रकारका शिक्षकहरू हुन्छन:

- *गृहकोठा/क्षेत्र शिक्षक*: मिडल, जुनियर हाई र हाई स्कूलमा, विद्यार्थीहरूले तिनीहरूको गृहकोठा/क्षेत्र शिक्षकलाई प्रत्येक स्कूल दिनको पहिलो 10 वा 15 मिनेटको लागि भेट्छन्। गृहकोठाको अवधिमा, विद्यार्थीहरूले विज्ञप्तिहरू सुन्छन् र स्कूल दिनको बारेमा जानकारी पाउँछन्।

- *कक्षाकोठा शिक्षक:* किन्डरगार्टनमा 5 औंवा 6औं कक्षाबाट, विद्यार्थीहरू सामान्य रूपले स्कूल दिनमामा आफ्नो कक्षाकोठा शिक्षकसँगै बस्छन्। एउटा कक्षाशिक्षकले सामान्य रूपमा धेरै विषयहरू जस्तै पढ्ने, गणित, र विज्ञान पढाउँछन्।

- *द्विभाषिक शिक्षक:* द्विभाषिक शिक्षकले विषयहरू विद्यार्थीहरूको मातृभाषा र अंग्रेजी भाषामा पढाउँछन्।

- *दोस्रो भाषाको रूपमा अंग्रेजी (ESL) शिक्षक:* ESL शिक्षकले विद्यार्थीहरूलाई अंग्रेजी पढाउँछन् जसले धेरै अंग्रेजी बोल्दैनन्।

- *विशेष शिक्षा शिक्षक:* विशेष शिक्षा शिक्षकले विशेष आवश्यकता भएका अपाङ्ग भएका विद्यार्थीहरूलाई पढाउँछ।

- *गिफ्टेड शिक्षक:* गिफ्टेड शिक्षकले थप कठीन कार्य दिएर कक्षाहरू पढाउँछन्।

- *संगीत शिक्षक:* संगीत शिक्षकले लय, गाउने र संगीत वाद्य कसरी बजाउने भन्ने कुरा पढाउँछ।

- *कला शिक्षक:* कला शिक्षकले पेन्टिङ, चित्रकला, माटोको नमुना बनाउने, र अरू कलाहरू पढाउँछ।

- *व्यायाम शिक्षक/शारीरिक शिक्षा (PE) शिक्षक:* व्यायाम शिक्षक वा PE शिक्षकले शारीरिक शिक्षा जस्तै खेलकुद र अभ्यासहरू पढाउँछ।

- *पुस्तकाध्यक्ष:* पुस्तकाध्यक्षले पुस्तकालयको बारेमा पढाउँछ र विद्यार्थीहरूलाई पुस्तकालयबाट किताबहरू झिक्न सहयोग गर्छ।

- *बोल्न सिकाउने शिक्षक:* बोल्न सिकाउने शिक्षकले विद्यार्थीहरूलाई सहयोग गर्छ जससँग उच्चारण र बोलाई समस्या छ।

***सहायक कर्मचारी*** ले प्रशासकहरू र शिक्षकहरूलाई तिनीहरूको काम गर्न सहयोग गर्छन्। केही सहायक कर्मचारी हुन्:

- *स्कूल सहायक:* स्कूल सहायकले टेलिफोनको उत्तर दिन्छ, चिठीहरू र नोटहरू टाइप गर्छ, स्कूलमा आउनेहरूलाई अभिवादन गर्छ, र प्रधानाध्यापकलाई सहयोग गर्छ।

- *स्कूल परिचारिका/स्वास्थ्य सहायक:* स्कूल परिचारिका/स्वास्थ्य सहायकले स्कूलमा बिरामी बच्चाहरूको हेरविचार गर्छ।

- *समाज सेवक/परामर्शदाता:* समाज सेवक वा परामर्शदाताले विद्यार्थीहरूलाई स्कूलमा वा घरमा परेका समस्याहरू समाधान गर्न सहयोग गर्छ। समाजसेवकले बच्चा, आमाबुबा वा पूरै परिवारसँग काम गर्न सक्छ। उदाहरणको लागि, समाज सेवकले परिवारलाई सहयोग गर्न सक्छ जस्को बच्चा दलमा सम्मिलित हुन्छ। हाई स्कूलमा, परामर्शदाताले विद्यार्थीहरूलाई कक्षाहरू छान्न र तिनीहरूलाई कलेजहरू र जागिरको बारेमा जानकारी दिन सहयोग गर्छ।

## 2. मेरो बच्चाको बारेमा स्कूलमा मैले कोसँग कुरा गर्न सक्छु?

इलेमन्टरी स्कूलमा, पहिले तपाईंको बच्चाको कक्षाकोठा शिक्षकसँग कुरा गर्नुहोस्। उसले वा उनले तपाईंलाई कसले सहयोग गर्न सक्छ भनेर भन्न सहयोग गर्नेछ।

मिडल, जुनियर हाई वा हाई स्कूलमा, तपाईंले पहिले तपाईंको बच्चाको गृहकोठा शिक्षकसँग कुरा गर्न सक्नुहुन्छ।

स्कूल वर्षको सुरूमा, यो चार्टमा तपाईंको बच्चाहरूको बारेमा जानकारी भर्नुहोस्:

| बच्चाको नाम | स्कूलको नाम | स्कूलको टेलिफोन नम्बर | कक्षा | शिक्षकको नाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# VII. निर्देशनात्मक कार्यक्रमहरू



## 1. यदि मेरो बच्चाले राम्ररी अंग्रेजी बोल्दैन भने, सहयोगको लागि स्कूलले के गर्न सक्छ?

विद्यार्थीहरू जसलाई अंग्रेजी बोलाई र पढाईमा कठीन भैरहेको छ अंग्रजीलाई दोस्रो भाषाको रूपमा लिन सक्छन् (ESL) वा स्कूलमा द्विभाषिक कक्षाहरू लिन सक्छन्। ESL कक्षाहरूले विद्यार्थीहरूलाई अंग्रेजीमा बोल्न, पढ्न र लेख्न सिकाउँछ। द्विभाषिक कक्षाहरू विद्यार्थीहरूको मातृभाषा र अंग्रेजीमा पढाइन्छ। द्विभाषिक कक्षाहरूले विषयहरू जस्तै गणित, विज्ञान र सामाजिक शिक्षा र अंग्रेजी पढाउँछ। जब विद्यार्थीहरू स्कूलमा पहिलो पटक भर्ना हुन्छन्, आमाबुबाहरूले तिनीहरूको घरमा अंग्रेजी भन्दा अरू भाषा बोलिन्छ कि भनेर संकेत गर्न गृह भाषा खोज भर्छन्। विद्यार्थीहरू जो घरबाट आएका हुन्छन् जहाँ अर्को भाषा बोलिन्छ अंग्रेजी भाषा छानविन जाँच लिइन्छ। यो जाँचले स्कूललाई विद्यार्थीहरूलाई ठीक कक्षाहरूमा राख्न सहयोग गर्छ। विद्यार्थीहरू जससँग द्विभाषिक वा ESL कार्यक्रमहरूको कारण अंग्रेजी भर्नामा समस्या छ र प्रत्येक वर्ष अंग्रेजीको जाँच दिन्छन् भने यसलाई ACCESS for ELLs® भनिन्छ। विद्यार्थीहरूले सामान्य रूपमा वार्षिक जाँचमा स्टेट अंग्रेजी निपुणतामा नपुगेसम्म ESL वा द्विभाषिक कक्षाहरू लिन्छन्। यदि आमाबुबाहरूलाई यो राम्रो हो भन्ने लागेमा, तिनीहरूले स्कूललाई आफ्नो बच्चाहरूलाई ESL वा द्विभाषिक कक्षाहरूबाट बाहिर निकाल्न भन्न सक्छन्, तर बच्चाहरूले स्टेट अंग्रेजी सीपको स्तरमा नपुग्दासम्म वार्षिक ACCESS for ELLs® जाँच दिन निरन्तरता दिनेछन्।

## 2. प्राथमिक स्कूलमा मेरो बच्चाहरूले कुन कुन विषयहरू पढ्छन्?

स्कूलको पाठ्यक्रम भनेको स्कूलमा विद्यार्थीहरूले पढ्ने विषयहरू हुन्। ईलेमेन्टरी स्कूलहरूमा, बच्चाहरूले धेरै फरक विषयहरू अध्ययन गर्छन्:

- पढाई, भाषा कला, र गणित (प्रत्येक दिन)
- स्वास्थ्य, विज्ञान, सामाजिक शिक्षा (हप्तामा 2 देखि 5 पटक)
- कला, शारीरिक शिक्षा, पुस्तकालय, संगीत (हप्तामा 1 देखि 2 पटक)

इलेमेन्टरी स्कूलमा, प्रत्येक कक्षा करीब 30 वा 40 मिनेटसम्म लामो हुन्छ। इलेमेन्टरी स्कूलमा बच्चाहरूको लागि विश्रामको व्यवस्था पनि हुन्छ। विश्रामको अवधिमा, बच्चाहरू सामान्य रूपमा बाहिर स्कूलको खेलमैदानमा खेल्छन्। विश्राम करीब 15 मिनेटको हुन्छ।

## 3. मेरो बच्चाहरूले मिडिल स्कूल वा जुनियर हाई स्कूलमा कुन कुन विषयहरू पढ्छन्?

मिडल स्कूल वा जुनियर हाई स्कूलमा, बच्चाहरू सामान्य रूपमा कक्षाहरूको लागि कोठाहरू परिवर्तन गर्छन्। तिनीहरूसँग सामान्य रूपमा दिनमा फरक शिक्षकहरू हुन्छन्। तिनीहरू दिनमा सामान्य रूपमा भवन मै बस्छन् र विश्राम पाउँदैनन्। तिनीहरूले अध्ययन गर्ने विषयहरू हुन्:

- पढाइ र भाषा कला
- शारीरिक शिक्षा र स्वास्थ्य
- विज्ञान
- सामाजिक शिक्षा
- विदेशी भाषा (उदाहरणको लागि स्पेनिस वा फ्रेन्च)
- संगीत
- गणित
- कम्प्युटर
- कला

## 4. हाई स्कूलमा मेरो बच्चाहरूले कुन कुन विषयहरू पढ्छन्?

हाई स्कूल विद्यार्थीहरूले आवश्यक र वैकल्पिक पाठ्यक्रमहरू लिन्छन्। आवश्यक पाठ्यक्रमहरू त्यस्ता विषयहरू हुन् जो सबै विद्यार्थीहरूलाई स्नातक गर्न लिनैपर्छ। उदाहरणको लागि, अंग्रेजी र गणित आवश्यक पाठ्यक्रमहरू हुन्।

केही हाई स्कूलका कक्षाहरूसँग कठिनाईका विभिन्न स्तरहरू छन्। उदाहरणको लागि, अंग्रेजी कक्षा आधारभूत, नियमित, आधुनिक वा सम्नान कक्षा हुन सक्छ। यहाँ हाई स्कूलमा केही फरक विषयहरू छन्:

- अंग्रेजी
- गणित (उदाहरणको लागि, बिजगणित वा ज्यामिति)
- विज्ञान (उदाहरणको लागि, जिवविज्ञान वा रसायन विज्ञान)
- परिवार र उपभोक्ता विज्ञान
- व्यायाम/शारीरिक शिक्षा
- लागू गरिएको प्रविधि
- व्यवसाय
- सामाजिक विज्ञान
- ललितकला
- विदेशी भाषा
- दोस्रोको भाषा रूपमा अंग्रेजी (ESL)

- चालकको शिक्षा
- कम्प्युटर विज्ञान

## सहयोगी सुझाव

**सबै स्कूलको कागजातहरूको लागि एउटा फोल्डर बनाउनुहोस्। बच्चाहरूले प्राय: आमाबुबाहरूको लागि तिनीहरूको पछाडि बोक्ने झोलामा स्कूलको जानकारी घरमा ल्याउँछन्। यो फोल्डरले स्कूल पात्रो, बस कार्यतालिका, स्कूलको लामो छुट्टी, बिदा, र अरू सामग्रीहरू र स्कूलबाट पठाइएको चिज्ञप्तिहरूको बारेमा जानकारी राख्न सक्छ।**

## 5. यदि मेरो बच्चासँग सिकाई समस्या छ वा उसलाई विशेष आवश्यकताको खाँचो छ भने, स्कूलले सहयोगको लागि के गर्न सक्छ?

विशेष शिक्षा स्कूलमा निश्चित समस्याहरूसँगै विद्यार्थीहरूको लागि बनाइएको कार्यक्रम हो। यी विद्यार्थीहरूसँग हेराई, सुनाई, बोलाई, हिडाई, सिकाई, वा कक्षामा गर्ने व्यवहारमा समस्या हुन सक्छ। स्कूलले अपाङ्ग भएका व्यक्तिहरूलाई स्कूलमा सफल बनाउन सहयोग गर्न विशेष शिक्षा सेवा प्रदान गर्छ। यदि तपाईंको बच्चालाई विशेष सिकाई आवश्यक छ भने:

- तपाईंको बच्चाको स्कूलमा उपलब्ध सेवाको बारेमा सोध्नुहोस्।
- तपाईंको बच्चालाई स्कूलमा कस्तो किसिमको विशेष सहयोग आवश्यक छ स्कूललाई भन्नुहोस्।
- यदि तपाईं अंग्रेजी बोल्नुहुन्न भने बैठकमा अनुवादकलाई सोध्नुहोस्।
- स्कूलको कर्मचारीले तपाईंलाई दिएको वा पठाएको सबै महत्वपूर्ण कागजातहरू र चिठ्ठीहरू राख्नुहोस्।

## सहयोगी सुझाव


**तपाईले Illinois State Board of Education बाट अपाङ्ग भएका विद्यार्थीहरूको अधिकारको बारेमा पुस्तिका पाउन सक्नुहुन्छ। (312) 814-2220 मा फोन गर्नुहोस् र शैक्षिक अधिकार र जिम्मेवारीहरूको प्रतिलिपि माग्नुहोस्: इलिनाइजमा विशेष शिक्षा बुझेर।**

## 6. यदि मेरो बच्चासँग विशेष प्रतिभा वा क्षमता छ भने के त्यहाँ विशेष कार्यक्रमहरू हुन्छन्?

विद्यार्थीहरू जससँग विशेष प्रतिभा वा सक्षमता छ कहिलेकाहीं "उपहार दिइएको" वा "प्रतिभाशाली" भनिन्छ। यी विद्यार्थीहरूले कहिलेकाहीं थप कठीन र सृजनात्मक कामसँगै विशेष कक्षाहरू लिन

# VIII. बच्चाहरूको शिक्षा र सिकाईमा आमाबुबाहरूको भूमिका ल

सक्छन्।



स्कूलले चाहन्छ कि आमाबुबा तिनीहरूको बच्चाहरूको शिक्षामा संलग्न होस्। आमाबुबा तिनीहरूको बच्चाहरूको स्कूलमा धेरै तरिकाबाट सहभागि हुन सक्छन्। तिनीहरूले निम्न कुराहरू गर्न सक्छन्:

- प्रधानाध्यापक र शिक्षकहरूसँग कुरा गर्न
- स्कूलको गतिविधिहरूमा उपस्थि हुन
- स्कूलको बारेमा निर्णय गर्न सहयोग गर्न
- स्कूलमा स्वयंसेवकको रूपमा काम गर्न

## 1. मैले कसरी आफ्नो बच्चालाई स्कूलमा भर्ना गर्न सक्छु? के मेरो बच्चा एउटा राम्रो विद्यार्थी हो?

- बच्चाहरूसँग तिनीहरूको स्कूल दिन र स्कूल कार्यको बारेमा कुरा गर्न

स्कूलसँग आमाबुबालाई स्कूलको कार्यक्रमहरू र तिनीहरूको बच्चाहरूको सिकाई प्रगतिको बारेमा भन्न धेरै तरिकाहरू छ। धेरै स्कूलहरूसँग छन्:

**खुला घरहरू** भनेको आमाबुबाहरूले बच्चाहरूको शिक्षकहरूलाई भेट्न, तिनीहरूको कक्षाकोठाहरू हेर्न, र तिनीहरूको बच्चाहरूले कस्तो गरिरहेका छन् भन्ने बारेमा बुझ्न आमाबुबाको लागि प्रदान गरिएको समय हो।

**आमाबुबा-शिक्षक सम्मेलनहरू** भनेको आमाबुबा र शिक्षकहरू बिचको भेट हो। शिक्षकले बच्चाको प्रगति र कक्षाकोठामा गर्ने व्यवहारको बारेमा छलफल गर्न निजी रूपमा प्रत्येक बच्चाको आमाबुबासँग भेट्छ। शरद ऋतुमा सामान्यत: शिक्षकले स्कूल वर्षको अवधिमा कम्तीमा एक पटक सम्मेलनको लागि बोलाउँछ। तथापि, यदि बच्चाले गम्भिर सिकाई र व्यावहारिक समस्याहरू भोगिरहेको छ भने, शिक्षकले वर्षको अवधिमा अरू समयमा पनि सम्मेलनमा आउन आमाबुबालाई भन्नेछ। आमाबुबाहरूले पनि समस्या भएको कुनै पनि समयमा सम्मेलनको लागि भन्न सक्छन्। आमाबुबाले सम्मेलनको लागि शिक्षकलाई फोन गर्न सक्छन् वा नोट लेख्न सक्छन्। सम्मेलनहरू प्राय: स्कूल दिन अघि वा पछि राखिन्छ।

**लिखित सामग्रीहरू** भनेको घरमा मेल गरिएको वा बच्चाहरूद्वारा घरमा ल्याइएको सामग्री हो। उदाहरणको लागि, स्कूलले यी सामग्रीहरू घरमा पठाउन सक्छन:

- कक्षाकोठा कार्यहरू, कक्षाकोठा गतिविधिहरू, बिदा, वा स्कूलको कार्यक्रमहरूको बारेमा स्कूल पात्रो
- कक्षाकोठामा र स्कूलमा के भएको छ भनेर उल्लेख गरिएको समाचारचिठीहरू
- आमाबुबालाई तिनीहरूको विचार र सरोकारका विषयहरूलाई सोधेर गरिएको सर्वेक्षण
- कार्यक्षेत्र यात्राको लागि विद्यार्थीहरूको लागि अनुमति फारामहरू
- स्कूल बैठकहरू, सम्मेलनहरू, सम्मान सभाहरू, स्कूल बन्द, र अन्य कार्यक्रमको लागि विज्ञप्तिहरू

कहिलेकाहीं आमाबुबाले लिखित सामग्रीहरूको उत्तर दिनुपर्छ। उदाहरणको लागि, तपाईंको बच्चाहरू कार्यक्षेत्र यात्रामा जानु अघि तपाईंले अनुमति फाराममा हस्ताक्षर गर्नैपर्छ।

**फोन कलहरू र इन्टरनेट** भनेको स्कूलले आमाबुबासँग सञ्चार गर्ने अर्को तरिका हो। शिक्षकहरूले आमाबुबासँग बोल्न प्राय: टेलिफोन प्रयोग गर्छन्। कहिलेकाहीं तपाईंले टेलिफोन मै आमाबुबा-शिक्षक सम्मेलन गर्न सक्नुहुन्छ। केही स्कूलहरूसँग गृहकार्य हटलाइन हुन सक्छ। आमाबुबाले विशेष फोन नम्बरमा फोन गर्छन र तिनीहरूको बच्चाहरूको गृहकार्यको बारेमा सन्देश सुन्न सक्छन्। केही स्कूलहरूसँग स्कूल कार्यक्रमहरू, कक्षाकोठा गतिविधिहरू, र शिक्षकलाई कसरी इमेल गर्ने भन्ने बारेको जानकारी सहितको वेबसाइट पनि छ।

जब आमाबुबासँग कुनै प्रश्न हुन्छ वा शिक्षकहरू वा प्रधानाध्यापकसँग कुरा गर्नुपर्ने हुन्छ तिनीहरूले स्कूलमा फोन गर्न सक्छन्। यदि तपाईं आफ्नो बच्चाको स्कूल भ्रमण गर्न चाहनुहुन्छ भने, भेटसमय पाउनको लागि पहिला स्कूलमा फोन गर्नुहोस्। तपाईंले स्कूलमा फोन गर्न सक्नुहुन्छ वा शिक्षकलाई नोट पठाउँन सक्नुहुन्छ।

## सहयोगी सुझाव

***यदि तपाईंलाई स्कूलमा कसैसँग बोल्न वा अंग्रेजी पढ्न समस्या छ भने, कसैसँग सोध्नुहोस् जसले समस्या व्याख्या गर्न स्कूलमा फोन गर्न अंग्रेजी बोल्छ। आमाबुबालाई जसले अंग्रेजी कम बोल्छ वा बोल्नै***



## 2. मेरो बच्चाले स्कूलमा कस्तो गरिरहेको छ भन्ने कुरा मैले कसरी थाहा पाउन सक्छु?

***जान्दैन सहयोग गर्न स्कूलसँग अनुवादक पनि हुन सक्छ। स्कूललाई तपाईंले नभन्दासम्म त्यहाँ समस्या छ भनेर थाहा हुने छैन।***

**रिपोर्ट कार्डहरू:** रिपोर्ट कार्डहरूले स्कूलमा तिनीहरूको बच्चाहरूले कस्तो गरिरहेका छन् भनेर आमाबुबालाई भन्छ। रिपोर्ट कार्डहरूले बच्चाहरूले अध्ययन गर्ने प्रत्येक विषयलाई सूचीबद्ध गर्छ। प्रत्येक विषयको लागि, त्यहाँ स्तर हुन्छ।

आमाबुबाहरूले बच्चाहरूको रिपोर्ट कार्डहरू वर्षमा 4 पटक प्राप्त गर्छन्। बच्चाहरूले सामान्यत: रिपोर्ट कार्डहरू घरमा ल्याउँछन्। केही स्कूलहरूले रिपोर्ट कार्डहरू आमाबुबालाई आमाबुबा-शिक्षक सम्मलेनहरूमा दिन्छन्। अरू स्कूलहरूले आमाबुबाहरूलाई रिपोर्ट कार्डहरू मेलमा पठाउँन सक्छन्। जब आमाबुबाले रिपोर्ट कार्ड प्राप्त गर्छन्, तिनीहरूले रिपोर्ट कार्डमा वा खाममा हस्ताक्षर गर्न आवश्यक छ। त्यसपछि तिनीहरूको बच्चाले रिपोर्ट कार्ड स्कूलमा फिर्ता गर्छन्।

**श्रेणी:** धेरै स्कूलहरूले आमाबुबालाई तिनीहरूको बच्चाहरूले प्रत्येक विषयमा कस्तो गरिरहेका छन् भनेर भन्न यी श्रेणीहरू प्रयोग गर्छन्:

- A धेरै राम्रो काम
- B राम्रो काम
- C औषत काम
- D औषत काम भन्दा तल (कमजोर काम)
- F विषयमा फेल भयो (अनुत्तीर्ण)

A, B, C, र D पास हुने श्रेणीहरू हुन्। श्रेणी F को अर्थ यो हो कि बच्चाले विषय उत्तीर्ण गरेको छैन्। यदि बच्चाले विषय उत्तीर्ण गरेको छैन भने, तिनीहरूले फेरि विषय लिनुपर्छ वा उत्तीर्ण श्रेणी पाउन थप काम गर्नुपर्छ।

बच्चाहरूलाई कुन श्रेणी दिने भनेर शिक्षकले निर्धारण गर्छ। शिक्षकहरूले बच्चाहरूलाई कुन श्रेणी दिने भनेर निर्णय गर्न तिनीहरूको स्कूलको कार्य, गृहकार्य, र जाँचहरू हेर्छन्। शिक्षकहरूले विद्यार्थीहरूको श्रेणी निर्धारण गर्न कक्षामा बच्चाहरूलाई हेर्छन् र सुन्छन्

**अंतरिम रिपोर्टहरू:** केही स्कूलहरूले अंतरिम वा प्रगति रिपोर्टहरू दिन्छन्। आमाबुबाले यी रिपोर्टहरू रिपोर्ट कार्डहरूको बिचमा प्राप्त गर्छन्। केही स्कूलहरूमा, प्रत्येक विद्यार्थीको आमाबुबाले अन्तरिम रिपोर्ट प्राप्त गर्छन्। अन्तरिम रिपोर्टहरूले तिनीहरूको बच्चाहरूले प्रत्येक विषयमा कस्तो गरिरहेका छन् भनेर आमाबुबालाई भन्छ। अरू स्कूलहरूमा, समस्या भएका विद्यार्थीहरूको आमाबुबाले मात्र अन्तरिम रिपोर्ट प्राप्त गर्छन्। यी रिपोर्टहरूले आमाबुबालाई तिनीहरूको बच्चाहरूले निश्चित विषयहरूमा भोगिरहेको समस्याहरूको बारेमा भन्छ।

## 3. मैले स्कूलहरूको बारेमा निर्णय लिन सक्ने बनाउन कसरी सहयोग गर्न सक्छु?

आमाबुबाले स्कूल प्रशासकहरूलाई स्कूल कार्यक्रमहरूको बारेमा निर्णय गर्न सहयोग गर्न सक्छन्। स्कूलले आमाबुबालाई विभिन्न आमाबुबा समूहहरूको लागि बैठकहरूमा उपस्थित हुन निम्नत्रणा गर्छ।

जब आमाबुबाहरू यी समूह बैठकहरूमा उपस्थित भएका हुन्छन् तिनीहरूले आफ्नो बच्चाहरूको स्कूलमा हुने कार्यक्रमको बारेमा विचार र सुझाव दिन सक्छन्:

- *आमाबुबा परामर्श समितिहरू* भनेको आमाबुबाहरूको समूह हो जसले स्कूललाई विशेष कार्यक्रमहरू जस्तै द्विभाषिक शिक्षालाई सुधार गर्न सुझाव र विचारहरू दिन्छन्।
- *स्कूल सूधार समितिहरू/टोलीहरू* स्कूलका कर्मचारी, आमाबुबा, र समुदायले कसरी विद्यार्थी सिकाईमा सुधार गर्न सक्छन् भन्ने बारे योजना विकसित गर्छन्।
- *आमाबुबा-शिक्षक संगठनहरू* स्कूलको लागि पैसा कमाउन कार्यक्रमहरूको योजना बनाउँछन्। उदाहरणको लागि, आमाबुबा-शिक्षक संगठनले किताबहरू बेच्न पुस्तक मेलाको योजना बनाउन सक्छ। तिनीहरूले कमाएको रकम कक्षाकोठाहरूको लागि कम्प्युटरहरू किन्न प्रयोग गर्न सक्छन्।

## 4. मेरो बच्चाहरूको स्कूलमा कस्तो किसिमको गतिविधिमा म उपस्थित हुन सक्छु?

स्कूलले आमाबुबालाई विशेष स्कूलको गतिविधिहरूमा प्राय: निमन्त्रणा गर्छ। यी गतिविधिहरूले शिक्षक, आमाबुबा, र बच्चालाई एक अर्कालाई चिन्न समय दिन्छ।

कहिलेकाहीं आमाबुबा स्कूलमा तिनीहरूको बच्चाहरू गतिविधिमा कस्तो छन् भनेर हेर्न आउँछन् जस्तै:

- *खेलकुद कार्यक्रमहरू* तिनीहरूको बच्चाले खेलकुदहरू जस्तै फुटबल, भलिबल, वा बास्केटबल खेलेको हेर्न।
- *नाटक र संगीत प्रस्तुतीकरण* तिनीहरूको बच्चाले अभिनय गरेको, गाएको, वा साधन बजाएको हेर्न।
- *सभाहरू* जस्तै तिनीहरूको बच्चाहरूले सम्मान र अवार्ड प्राप्त गरेको हेर्न जस्तै स्नातक वा सम्मानका रात

स्कूलले नयाँ जानकारी सिकाउन परिवारहरूलाई पनि निमन्त्रणा गर्छ। यी मध्ये केही गतिविधिहरू हुन्:

- *पाठ्यक्रम रातहरूले* स्कूल वर्षको अवधिमा तिनीहरूको बच्चाहरूले के सिक्छन् भनेर देखाउँछ। शिक्षकले पनि विद्यार्थीहरूले अर्को कक्षामा जान वा स्नातकमा प्रवर्द्धनको लागि के सिक्नुपर्छ भनेर वर्णन गर्न सक्छ।
- *आमाबुबा कार्यशालाहरूले* आमाबुबालाई तिनीहरूको बच्चालाई हुर्काउन सुझाव दिन्छ। आमाबुबाले तिनीहरूको बच्चाहरूलाई कसरी स्वस्थ्य र सफल राख्न सहयोग गर्ने भन्ने कुरा सिक्न सक्छन्। उदाहरणको लागि, कार्यशालाले बच्चालाई स्कूलमा कसरी राख्ने र कसरी स्कूल नछोड्ने भन्ने बारेमा हुन सक्छ। आमाबुबा कार्यशालाले आमाबुबाहरूलाई आफ्नो बच्चालाई कसरी सिकाउन

सहयोग गर्ने भनेर पनि पढाउन सक्छ। उदाहरणको लागि, आमाबुबाहरूले आफ्नो जवान बच्चाहरूले कसरी किताबहरू पढ्ने भन्ने कुरा सिक्न कार्यशालामा उपस्थित हुन सक्छन्।

- *स्कूल अभिमुखीकरण* भनेको आमाबुबाहरू र नयाँ विद्यार्थीहरूको लागि बैठकहरू हो। अभिमुखीकरण प्राय: किन्डरगार्टनको आमाबुबाहरू, आठौ कक्षा र हाई स्कूलका ताजा (9औं कक्षा) विद्यार्थीहरूको लागि राखिन्छ। आमाबुबाले आफ्नो बच्चाहरू उपस्थित हुने नयाँ स्कूलको बारेमा जानकारी प्राप्त गर्छन्। उदाहरणको लागि, आमाबुबाहरूले नयाँ स्कूल ड्रेस संकेतको बारेमा सिक्न सक्छन्। आमाबुबाले आफ्नो बच्चाहरूलाई पाठ्यक्रम कसरी छान्ने भन्ने कुरामा सहयोग गर्न सिक्न सक्छन्।

कहिलेकाहीं स्कूलसँग समुदायमा आमाबुबा र परिवारको लागि सामाजिक गतिविधिहरू जस्तै अन्तर्राष्ट्रिय मेला, आमाबुबा कदर दिन, र स्कूल गर्व दिन हुन्छ। परिवारहरू स्कूलमा आफैले रमाइलो गर्न र मजा लिन आउँछन्। उदाहरणको लागि, तिनीहरूले अन्तर्राष्ट्रिय मेलामा धेरै देशहरूबाट विभिन्न खानाहरूको स्वाद लिन सक्छन्।

## 5. मेरो बच्चाहरूको स्कूलमा कस्तो किसिमको गतिविधिमा म उपस्थित हुन सक्छु?

कहिलेकाहीं स्कूलको गतिविधिहरूमा स्कूललाई सहयोग आवश्यक पर्छ। स्कूलले आमाबुबालाई विभिन्न गतिविधिहरूको लागि स्वयंसेवकको रूपमा काम गर्न भन्छ।

**कक्षाकोठा र सिकाई गतिविधिहरू** को लागि तपाईंले निम्न कुरामा स्वेच्छाले काम गर्न सक्नुहुन्छ:

- तपाईंको जाँगिर वा मुल देशको बारेमा कक्षामा बोल्ने
- कक्षासँग कार्यक्षेत्रमा जाने
- कक्षामा पढ्ने वा विद्यार्थीहरूले पढेको सुन्ने

**स्कूल कार्यक्रमहरू** को लागि तपाईंले निम्न कुरामा स्वेच्छाले काम गर्न सक्नुहुन्छ:

- स्कूलको नाँचमा सहयोग गर्ने
- आमाबुबाको बैठकको लागि ताजामा ल्याउने
- कोष-दाताको योजना बनाउने
- लिखित सामग्रीहरूलाई अनुवाद गर्न सहयोग गर्ने

तपाईंलाई स्कूलमा सहभागी हुन धेरै तरिकाहरू छन्। स्कूललाई तपाईंको बच्चाहरूको शिक्षामा तपाईंको सहयोग, विचार, र सहभागिता आवश्यक छ। तपाईं आफ्नो बच्चाहरूको शिक्षाको महत्वपूर्ण भाग हो। तपाईंलाई स्कूलमा सधै स्वागत छ।

## सहयोगी सुझाव

**स्कूलले स्कूलको समाचार संग्रह, स्कूलको वेब पृष्ठ, वा स्कूलबाट घर पठाइएको विशेष घोषणामा स्वयंसेवकको अवसरलाई सूचीबद्ध गर्न सक्छ।**

## 6. घरमा मेरो बच्चाहरूको सिकाईलाई सहयोग गर्न मैले के गर्न सक्छु?

सफल विद्यार्थीहरू सिक्न र राम्रो अध्ययन गर्ने बानी बसाल्न स्कूल आउछँन्। आमाबुबाले आफ्नो बच्चाहरूलाई स्कूलमा राम्रो गर्न सहयोग गर्ने धैरै उपायहरू छन्। तपाईंले धैरै थोरै अंग्रेजी बोल्ने भएता पनि सहयोग गर्न सक्नुहुन्छ। सहयोग गर्न तपाईंलाई अंग्रेजी जान्नु पर्दैन। तपाईंको बच्चालाई सिकाईमा सहयोग गर्न सक्न यहाँ केही महत्वपूर्ण कुराहरू छन्:

**मौसमको लागि कपडा:** तपाईंको बच्चाहरूको कपडा बाहिरको मौसममा जानको लागि ठीक छ भनेर निश्चित हुनुहोस्। उदाहरणको लागि, यदि बाहिर जाडो छ भने, तिनीहरूले न्यानो कपडाहरू जस्तै कोट, टोपी, र पंजा आदि लगाउनुपर्छ।

**स्कूल पोशाक र ड्रेस संकेत:** केही स्कूलहरूमा विद्यार्थीहरूले स्कूलमा पोशाक लगाउनैपर्छ। उदाहरणको लागि, पोसाकमा सेतो कमिज र नीलो पाईन्ट वा जामा हुन सक्छ। अरू स्कूलहरूसँग स्कूल पोशाक छैन, तर तिनीहरूसँग ड्रेस संकेत हुन्छ। ड्रेस संकेत भनेको बच्चाहरूले स्कूलमा लगाउन सक्ने पहिरनको बारेमा विशेष नियमहरू हुन्। उदाहरणको लागि, केही स्कूलहरूमा केटाहरूले भित्र टोपी लगाउन सक्दैनन् र केटीहरूले हाल्टर टप्स लगाउन अनुमति छैन। यदि तपाईंको बच्चाहरू स्कूलको लागि ठीक तरिकाले ड्रेस लगाएको छैन भने, केही स्कूलहरूले तिनीहरूलाई घर पठाउँन सक्छन्।

**स्कूल आपूर्तिहरू:** बच्चाहरूले स्कूलको आपूर्तिहरू कक्षामा ल्याउन आवश्यक छ। स्कूल आपूर्ति भनेको कागज, शिशाकलम, कलम, र रबर हुन्। कहिलेकाहीं बच्चाहरूलाई अरू आपूर्तिहरू जस्तै रूलर, कैंची, वा टाँस्ने आवश्यक हुन्छ। सामान्यत: शिक्षकले विद्यार्थीलाई आवश्यक पर्ने स्कूल आपूर्तिहरूको सूची दिनेछ। यदि तपाईं त्यो आपूर्तिहरू किन्न सक्षम हुनुहुन्न भने, शिक्षकलाई भन्नहोस्।



**कक्षाकार्यको बारेमा कुरा गर्दा:** आमाबुबाले आफ्नो बच्चाहरूलाई प्रत्येक दिन, "आजको स्कूल दिन कस्तो रहयो?" भनेर सोध्नुपर्छ। "के तिमीसँग आज रातिको लागि कुनै गृहकार्य छ?" स्कूलले तपाईंले आफ्नो बच्चाहरूसँग स्कूलकार्यको बारेमा छलफल गर्नुहोस् भन्ने चाहन्छ। तपाईंले आफ्नो बच्चाहरूसँग तिनीहरूले कक्षामा के सिकिरहेका छन् भनेर सोध्न सक्नुहुन्छ। तपाईंले आफ्नो बच्चालाई तिनीहरूको श्रेणीबद्ध गरिएको कागजातहरू घरमा ल्याउन र तपाईंलाई देखाउन भन्न सक्नुहुन्छ।

**गृहकार्यसँगको सहयोग:** गृहकार्य भनेको कार्यभार हो जुन शिक्षकले विद्यार्थीलाई घरमा पूरा गर्नको लागि दिन्छन्।

त्यहाँ धेरै प्रकारका गृहकार्य कार्यभार हुन्छन्। बच्चाहरूले निम्न कुरा गर्न सक्छन्:

- स्कूलमा सुरू गरेको कार्यभार पूरा गर्ने
- कार्यभारहरू पूरा गर्ने जसले तिनीहरूले स्कूलमा सिकेका कुराहरूको अभ्यास गर्छ वा समीक्षा गर्छ (जस्तै पढ्ने वा गणित)
- विशेष परियोजनाहरू गर्ने, जस्तै किताब रिपोर्ट, विज्ञान प्रयोग वा नक्सा खिच्ने आदि
- प्रश्नमाला वा जाँचको लागि अध्ययन गर्ने

शिक्षकले प्रत्येक रात कति गृहकार्य दिने भनेर निर्णय गर्छन्। सबै शिक्षकहरूले समान मात्राको गृहकार्य दिदैनन्। सामान्यत: पूरानो बच्चाहरूसँग नयाँ बच्चाहरू भन्दा धेरै गृहकार्य हुन्छ। तपाईंले आफ्नो बच्चालाई गृहकार्यमा सहयोग गर्न सक्न यहाँ केही कुराहरू छन्:

*गृहकार्य समय:* बच्चाहरूसँग धेरै दिनहुँ गरिने गतिविधिहरू जस्तै घरको काम, भेटसमय, खेल्ने समय, स्कूल कार्यक्रमहरू पछि, र गृहकार्य आदि छन्। तपाईंले आफ्नो बच्चाहरूलाई गृहकार्यको लागि विशेष समयको कार्यतालिका बनाउन सहयोग गर्न सक्नुहुन्छ। यो राम्रो हो यदि गृहकार्य प्रत्येक दिउँसो वा साँझमा एउटै समयमा गरिन्छ, तर साँझ अबेला होइन। गृहकार्य समयको अवधिमा, तपाईंले टिभि वा भिडियो/कम्प्युटर खेलहरू बन्द गर्नुपर्छ। बच्चाहरूलाई गृहकार्य गर्न एकान्त ठाँउ आवश्यक पर्छ।

*गृहकार्य हेर्ने:* तपाईंले गृहकार्य सफा र स्पष्ट छ कि भनेर हेर्न गृहकार्य हेर्न सक्नुहुन्छ। तपाईंको बच्चाहरूले तिनीहरूको गृहकार्य तपाईं समक्ष वर्णन गर्न सक्छन्। कहिलेकाहीं बच्चाहरूले गल्तिहरू हेर्छन् जब तिनीहरूले आफ्नो गृहकार्य वर्णन गर्छन्।

*गृहकार्यसँगको समस्या:* कहिलेकाहीं बच्चाहरूले तिनीहरूको गृहकार्य पूरा गर्न सक्दैनन् किनभने तिनीहरूले यसलाई बुझ्दैनन्। यदि आमाबुबाले गृहकार्य बुझ्छन् भने, तिनीहरूले आफ्नो बच्चाहरूलाई सहयोग गर्न सक्छन्। तर आमाबुबाले कहिल्यै पनि आफ्नो बच्चाहरूको गृहकार्य गरिदिनु हुँदैन।

धेरै आमाबुबाहरूले महसुस गर्छन कि तिनीहरूले आफ्नो बच्चाहरूलाई गृहकार्य गर्न सहयोग गर्न सक्दैनन्। कहिलेकाहीं आमाबुबाले धेरै अंग्रेजी बुझ्दैनन् वा विषय बुझ्दैनन्। यदि आमाबुबाले आफ्नो बच्चाहरूलाई गृहकार्यको समस्या सुल्झाउन सहयोग गर्न सक्दैनन् भने, तिनीहरूले बच्चाको शिक्षकलाई नोट लेख्नुपर्छ वा फोन गर्नुपर्छ। आमाबुबाले शिक्षकलाई बच्चालाई कार्यभार पूरा गर्न समस्या भएको थियो भनेर भन्न सक्छन्। कहिलेकाहीं बच्चाहरूले स्कूल भन्दा अघि, स्कूल पछि, वा विश्रामको अवधिमा स्कूलमा गृहकार्य पूरा गर्न थप सहयोग पाउन सक्छन्।

कहिलेकाहीं बच्चाहरूले तिनीहरूको गृहकार्य गर्न चाहन्नन्। तिनीहरूले टिभि हेर्न वा खेल्न समय पाउन सक्छन्, तर तिनीहरूसँग गृहकार्य पूरा गर्न कहिल्यै समय हुँदैन। यदि बच्चाले गृहकार्य गरेको छैन भने शिक्षकले आमाबुबालाई प्राय: फोन गर्नेछ वा नोट लेख्नेछ। जुन बच्चाहरूले आफ्नो गृहकार्य गर्दैनन्

तिनीहरूलाई के हुनेछ भनेर शिक्षक र आमाबुबाले निर्णय गर्नैपर्छ। शिक्षकले सामान्यत: तिनीहरूलाई कम श्रेणी दिन्छ।

**पुस्तकालय:** बच्चाहरूलाई केही गृहकार्य कार्यभार पूरा गर्नको लागि सार्वजनिक पुस्तकालयबाट सामग्रीहरू आवश्यक पर्न सक्छ। पुस्तकालयमा सबै पुस्तकालयका सामग्रीहरू प्रयोग गर्न सकिन्छ। यदि तपाईंको बच्चाले सामग्रीहरू घरमा ल्याउन वा पुस्तकालयको कम्प्युटर प्रयोग गर्न चाहन्छन् भने, तपाईंसँग पुस्तकालय कार्ड हुनैपर्छ। तपाईंले पुस्तकालयमा पुस्तकालय कार्ड पाउन सक्नुहुन्छ।

**सँगै पढ्ने र बोल्ने:** बच्चाहरू जसले घरमा पढ्छन् स्कूलमा राम्रो गर्न सक्छन्। तपाईंको घरमा पारिवारिक पढ्ने समय बनाउनु राम्रो विचार हो। पढ्ने समयको अवधिमा तपाईंले आफ्नो बच्चाहरूको लागि पढ्न सक्नुहुन्छ वा तपाईंको बच्चाहरूले तपाईंको लागि पढ्न सक्छ। वा पढ्ने समयमा सबैले आफै पढ्न सक्छन्। तपाईंको बच्चाहरूलाई तपाईंले अंग्रेजी वा आफ्नो मातृभाषामा पढ्नुहुन्छ भनेर हेर्न महत्वपूर्ण छ।

यदि तपाईंलाई पढ्न गाऱ्हो छ भने, त्यसपछि आफ्नो बच्चाहरूलाई कथा भन्नुहोस्। तपाईंले आफ्नो परिवारको बारेमा कथा भन्न सक्नुहुन्छ जब तपाईं जवान हुनुहुन्थ्यो र जब तपाईंको बच्चाहरू सानै भएको बारेमा। तपाईंको बच्चाहरूले पनि कथाहरू भन्न सक्छन्। तपाईंले कथाहरू अंग्रेजी वा आफ्नो मातृभाषामा भन्न सक्नुहुन्छ।

**परिवार सिकाई गतिविधिहरू र परिवार स्रोत केन्द्रहरू:** धेरै स्कूलहरू र सामुदायिक संगठनहरूले साँझमा र हप्ताको अन्तिम दिनमा परिवार सिकाई कार्यक्रमहरू प्रस्ताव गर्छन्। आमाबुबा र बच्चाहरू यी परिवारिक गतिविधिहरूमा सँगै उपस्थित हुन्छन्। तपाईंको परिवारले विषयहरू जस्तै गणित, विज्ञान, पढाई, र कम्प्युटरको बारेमा सिक्न सक्छन। तपाईंले थप सिकाईको लागि घर ल्याउन सामान्यत: सामग्रीहरू प्राप्त गर्नुहुनेछ।

केही स्कूलहरूसँग पारिवारिक स्रोत केन्द्रहरू छन्। यी केन्द्रहरूसँग सामग्रीहरू छन् जुन आमाबुबाहरूले झिक्न र घर लैजान सक्छन्। केही सामग्रीहरू बाल विकास, पोषण, सुरक्षा, स्वास्थ्य, स्कूल, र सिकाई गतिविधिहरूको बारेमा छन्। त्यहाँ सामान्यतया किताबहरू, खेलहरू, भिडियोहरू, टेप रेकर्डरहरू, र अडियो टेपहरू हुन्छन्।

## सहयोगी सुझाव

**तपाईंको बच्चाको स्कूलसँग पारिवारिक स्रोत केन्द्र वा परिवार सिकाई गतिविधिहरू छन् कि भनेर पत्ता**

## 7. मेरो बच्चाहरूको हाई स्कूलपछिको जीवनको लागि योजना बनाउन मैले तिनीहरूलाई

**लगाउन स्कूलमा सम्पर्क गर्नुहोस्।**

आमाबुबाले स्कूल कर्मचारीको बारेमा पत्ता लगाउनु पर्छ जसले तिनीहरूको बच्चाहरूको भविष्यको योजनामा सहयोग गर्न सक्छ। हाई स्कूल नेतृत्व परामर्शदाताले परिवारहरूलाई हाई स्कूल पछि

विद्यार्थीहरूले के गर्छन् भन्ने बारेमा निर्णय गर्न सहयोग गर्न सक्छन्। जब तपाईंको बच्चाले हाई स्कूल सुरू गर्छ, भविष्यको योजनाको बारेमा कुरा गर्न सुरू गर्नुहोस्। हाई स्कूलको अन्तिम वर्ष अघि निर्णय लिनु राम्रो हुन्छ। यदि बच्चाहरूले कलेज शुरू धेरै ढिला गर्ने निर्णय गऱ्यो भने, तिनीहरूसँग तिनीहरूलाई आवश्यक पर्ने सबै पाठ्यक्रम नहुँन सक्छ। विद्यार्थीहरूले कलेजको लागि तयारी गर्न हाई स्कूलमा निश्चित पाठ्यक्रम लिनुपर्छ। विद्यार्थीहरूले कलेजको लागि आवेदन दिन हाई स्कूलमा जाँच दिनुपर्छ।

# IX. वयस्क शिक्षा



## 1. मैले अंग्रेजी सिक्न वा अरू कक्षाहरू लिन कहाँ जानूपर्छ?

त्यहाँ वयस्कको लागि धैरै सिकाई अवसरहरू छन्। धैरै कक्षाहरू नि:शुल्क छन्, तर केहीले ट्युसन शुल्क लिन्छन्। कक्षाहरू दिनमा र साँझमा लिइन्छ। वयस्कको कक्षाहरू प्राय: सामुदायिक कलेजहरू, स्कूलहरू, पुस्तकालयहरू, र सामुदायिक केन्द्रहरूमा हुन्छ।

केही वयस्क शिक्षा कक्षाहरू हुन्:

**दोस्रो भाषाको रूपमा (ESL)** – आधारभूत अंग्रेजी भाषा सीपहरूको लागि।

**GED र आधारभूत सीपहरू –** आधारभूत पढाई र गणित सीपहरूको लागि र GED (हाई स्कूलको समाप्ति) जाँचको तयारीको लागि।

कलेजहरूमा र विश्वविद्यालयहरूमा पनि शैक्षिक कार्यक्रमहरू छन्। शैक्षिक कार्यक्रमहरूले वयस्कहरूलाई कलेजमा अध्ययन गर्न तयार गर्छन् र ट्युसन शुल्क लिन्छन्।

# ✍ सहयोगी सुझाव ✎

तपाईंले वयस्क शिक्षा कक्षाहरूको बारेमा जानकारी यहाँबाट पाउन सक्नुहुन्छ:

- तपाईंको बच्चाको स्कूल
- तपाईंको छिमेकमा सामुदायिक संगठनहरू
- तपाईंको सार्वजनिक पुस्तकालय
- तपाईंको घर नजिकै भएको सामुदायिक कलेज
- धार्मिक वा जातिगत संगठनहरू
- इलिनाइज वयस्क सिकाई हटलाइन: 1-800-321-9511
  (नि:शुल्क फोन कल)